नगर कार्यपालिकाको
बैठक संख्या ८।२०७९-०८४
मिति २०७९।५।१९ को
निर्णय प्रमाणित

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, लुम्बिनी प्रदेश
स्थापना : २०७३

बैठक संख्याः ८/२०७९-०८४

मिति २०७९ साल भाद्र १९ गतेका दिन बसेको कोहलपुर नगरपालिका, नगर कार्यपालिकाको बैठकबाट देहाय बमोजिमका निर्णयहरु पारित गरियो।

निर्णय नं. १

नगर कार्यपालिकाका अघिल्ला बैठकहरुबाट भएका निर्णयहरुको समिक्षा गरियो। कार्यान्वयन गर्न बाँकी निर्णयहरु यथाशीघ्र कार्यान्वयन गर्न सम्बन्धित विषयगत शाखा एवं वडा कार्यालयहरुलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. २

कोहलपुर नगरपालिकाको नगर प्रहरीको भर्ना छनौट भई कोहलपुर नगरपालिकाको नगर प्रहरी ऐन २०७७ र नगर प्रहरी नियमावली २०७९ देहाय बमोजिम गर्ने

क) बजार व्यवस्थापन, स्थानीय पार्कीङ् स्थल, सामुदायिक पशु चौपाया नियन्त्रण, न्यायिक समितिले गरेका मिलापत्र एवं निर्णय कार्यान्वयन आदि कार्य गर्न, प्रमुख, उपप्रमुख एवं प्र.प्र.अ. को कार्यकक्ष / व्यक्तिगत सुरक्षामा आवश्यक्ता अनुसार खटाउन पर्ने भएको, नगर प्रहरी छनौट पटक पटक गर्न, तालिम गराउन खर्चिलो एवं झन्झटिलो हुने भएको हुँदा निम्नानुसार दरबन्दी थप गरी मिति २०७९/०५/१६ र ऐ. १७ गतेको बैकल्पिक एवं अस्थायी सूचिबाट देहायका पद र संख्यामा करार नियुक्त गर्ने ।

नगर प्रहरी सहायक निरिक्षक -१
नगर प्रहरी जवान -७

ख) नगर प्रहरीको बरिष्ठताक्रम निजहरुको सिफारिस योग्यताक्रमको आधारमा कायम गर्ने । बैकल्पिक बरिष्ठता पश्चात अस्थायी योग्यताक्रम रहने ।

ग) नगर प्रहरीको आन्तरिक संचार कोड र प्रयोग सम्बन्धी विषय नगर प्रमुखको परामर्शमा प्रमुख प्रशासकीय अधिकृतले निर्धारण गरे बमोजिम हुने ।

घ) नगर प्रहरीको सेवा प्रवेश तालिम कर्णाली प्रदेश प्रहरी तालिम केन्द्र सुर्खेत हाल नेपालगञ्जमा कर्णाली प्रदेश प्रहरी तालिम केन्द्रले उपलब्ध गराएको कार्ययोजना बमोजिम तालिम ४५ दिन(आवाशीय एवं फिल्ड समेत गरी) गराउने । सो को प्रस्तावित पाठ्यक्रम एवं बजेट स्वीकृत गरियो । नगर प्रहरी जवानको हकमा ४५ दिनको तालिम समापन भए पश्चात दर्ज्यानी चिन्ह प्रदान गर्ने, तर भू.पु. बाट पदपूर्ति भएका पदहरुको हकमा पोशाक प्राप्त भए पश्चात एक समारोह आयोजना गरी दर्ज्यानी चिन्ह प्रदान गरी नियमित काममा लगाउने ।

ङ) नगर प्रहरीको पदपूर्तिमा सहयोग गर्ने पदपूर्ति समिति, कर्मचारी, कर्णाली प्रदेश प्रहरी तालिम केन्द्र सुर्खेत हाल नेपालगञ्ज, लुम्बिनी प्रदेश प्रहरी अस्पताल नेपालगञ्ज बाँके लगायतलाई धन्यबाद ज्ञापन गर्ने ।

निर्णय नं. ३

क) राष्ट्रिय भूमी आयोगको भुमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई जग्गा वितरण प्रयोजनार्थ जग्गाको वर्गिकरणका लागि वडास्तरीय भूमी सम्बन्धी सहजिकरण समितिले निर्णय गरी पठाए बमोजिम जग्गाको वर्गिकरण विवरण स्वीकृत गर्ने।

ख) राष्ट्रिय भूमी आयोगको संकलित लगत विवरणको वडा समिति एवं मालपोत कार्यालय, बाँकेबाट रुजु प्रमाणित भई आएका फारमहरु सो को पुर्जा उपलब्ध गराउने प्रयोजनार्थ राष्ट्रिय भूमी आयोगको जिल्ला समितिमा पठाउने ।

नगर कार्यपालिकाको
बैठक संख्या ८।२०७९-०८०
मिति २०७९।५।१९ को
निर्णय प्रमाणित

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश
स्थापना : २०७२

निर्णय नं. ४

यस नगरपालिका भित्रको कबाडी माल, जडीबुटी बिक्री बितरण तथा उपयोगमा लाग्ने कर संकलनका लागी ३० दिने ठेक्का आव्हान गरिएकोमा कुनै पनि ठेक्का नपरेको हुँदा दोस्रो पटक लागत अनुमान रु.१९,५०,०००।–(उन्नाईस लाख पचास हजार) कायम गरी पुनः १५ दिने सूचना गरी ठेक्का(ई टेण्डर) व्यवस्थापन गर्ने ।

निर्णय नं. ५

कोहलपुर नगरपालिकाका लागि एक जना पशु चिकित्सकको लागि बजेट विनियोजन भई आएकाले उक्त पदको लागि स्थानीय तहमा कृषि स्नातक परिचालन कार्यबिधी २०७९ बमोजिमको सूचना निकाली गर्ने । कर्मचारी भर्ना छनौट कोहलपुर नगरपालिकाको करारमा प्राबिधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यबिधी २०७५ बमोजिम हुने ।

निर्णय नं. ६ विविध

क. स्थानीय राजस्व परामर्श समितिको सदस्यमा वडा नं. ११ का वडा अध्यक्ष श्री कल्पना शर्मा र वडा नं. १४ का वडा अध्यक्ष श्री नम बहादुर आले मगर लाई मनोनित गर्ने ।

ख. सङ्घीय सशर्त अनुदान तर्फ वडा नं. १५ स्थित पेडारी नालामा झोलुङ्गे पुल निर्माण योजनाको सट्टा पेडारी नाला नजिकै रहेको किरण नालामा झोलुङ्गे पुलको बढी आवश्यकता देखिएकाले "वडा नं. १५ को किरणनालामा झोलुङ्गे पुल निर्माण" गर्ने गरी योजना संशोधन गर्ने र किरणनालामा झोलुङ्गे पुल निर्माण प्रक्रया अगाडी बढाउने ।

ग. यस नगरपालिकाको मूख्य सडक खण्डमा सडक बत्ति जडान गर्ने सम्बन्धमा एपेक्स नेपाल प्रा.लि., काठमाडौंबाट प्रस्ताव पेश भए बमोजिम कोहलपुर - नेपालगञ्ज सडक खण्डको विभिन्न १७ स्थानमा सडक बत्तिको निःशुल्क जडान, मर्मत एवं बिद्युत महसुल समेत सो कम्पनीले ब्यहोर्ने गरी सो पोलहरुमा विज्ञापन सामाग्री राख्न दिने र सो वापत कोहलपुर नगरपालिकाको आर्थिक ऐन बमोजिम नगरपालिकालाई बिज्ञापन कर बुझाउने शर्तमा उक्त प्रा.लि. लाई १० वर्षका लागि पोल जडान गरी सडक बत्ति सञ्चालन/व्यवस्थापन गर्न अनुमति दिने ।

घ. कोहलपुर नगरपालिका वडा नं. १० बस्ने कमल प्रसाद उपाध्यायले निजको मेरुदण्ड भाँचिएका कारण पूर्ण अपाङ्गता निजलाई व्हिलचियर खरिदका लागि रु.२५,०००।– र कोहलपुर नगरपालिका वडा नं. १४ बस्ने बिकास श्रेष्ठको छोरा वर्ष ४ का गिरीराज श्रेष्ठ ब्लड क्यान्सर रोगबाट पीडित रहेकाले निजको औषधि उपचारका लागी रु.२५,०००।–रकम उपलब्ध गराउने।

ङ. यस नगरपालिकाको कोहलपुर चौराहादेखि कोहलपुर १२ मा रहेको डुडुवा पुलसम्मको सडक बिस्तारका क्रममा राजमार्गको दुवै तर्फ बाटोको क्षेत्राधिकार भित्र पर्ने रुखहरु कटानका लागि रक्षा मध्यवर्ति सामुदायिक वनले कार्ययोजना सहित पेश गरेकोमा उक्त सडक खण्डको दुवै तर्फ बाटोको क्षेत्राधिकार भित्र पर्ने रुखहरु कटानका लागि सडक डिभिजन कार्यालय, बाँके, बाँके राष्ट्रिय निकुञ्ज एवं डिभिजन वन कार्यालय, बाँकेलाई सिफारिस गर्ने ।

०७९।५।२१

टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत